नेपाल राष्ट्र बैंक
समाचार

वर्ष ५० | अङ्क ७ | चैत २०८२ | मार्च-अप्रिल २०२६

# Financial Crime: Practice and Challenges विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न



नेपाल राष्ट्र बैंक र न्यायाधीश समाज नेपालको संयुक्त आयोजनामा Financial Crime: Practice and Challenges विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लको मुख्य आतिथ्यतामा फागुन ८ गते काठमाडौंमा सम्पन्न भयो ।

कार्यक्रममा मुख्य अतिथी न्यायाधीश मल्लले क्रिप्टोकरेन्सी जटिल विषय भएकोले न्यायाधीशहरूलाई न्याय सम्पादन गर्न निकै कठिनाइ भइरहेको धारणा राख्नुभयो । उहाँले न्याय सम्पादनमा शास्त्रीय चुनौती रहेको उल्लेख गर्दै सामाजिक व्यवहार र अपरिहार्यतालाई संवैधानिक र कानूनी व्यवस्थाले कसरी सम्बोधन गर्ने भन्ने आजको टड्कारो प्रश्न रहेको बताउनुभयो ।



कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले प्रविधिको द्रुत विकासले भुक्तानी प्रणालीमा चुनौती थपिएकोले यस्ता चुनौतीको सामना गर्न राष्ट्रिय स्तरका अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्याय निरुपण गर्ने निकाय तथा पदाधिकारीहरूबीच सहकार्य गर्न आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमका अध्यक्ष एवं सर्वोच्च अदालतका न्यायाधीश तथा न्यायाधीश समाजका अध्यक्ष तिलप्रसाद श्रेष्ठले क्रिप्टोकरेन्सी सम्बन्धी मुद्दाको शुरु उठान जिल्ला अदालतबाट हुने भएकोले जिल्ला न्यायाधीशहरूको समेत उपस्थितिमा यस प्रकारको कार्यक्रम गर्नु आवश्यक रहेको बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका तर्फबाट सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका उप-निर्देशक मणिराज श्रेष्ठ, सीआइबीका प्रहरी बरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठ, सीआइबीका प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी. र सर्वोच्च अदालतका न्यायाधीश मेघराज पोखरेलले कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश तथा न्यायाधीश समाज नेपालका महासचिव टेकनारायण कुँवरले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन उच्च अदालत रौतहटका न्यायाधीश तथा न्यायाधीश समाजका सचिव चुरामन खड्काले गर्नुभएको थियो । ■

# डेपुटी गभर्नरहरूको विदाई कार्यक्रम सम्पन्न



नेपाल राष्ट्र बैंकका निवर्तमान डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बम बहादुर मिश्रको सम्मानमा सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले मिति २०८२ फागुन २५ गते विदाई कार्यक्रम आयोजना गऱ्यो।

कार्यक्रममा गभर्नर प्रा. डा. विश्वनाथ पौडेल, बैंकका सञ्चालकहरू, कार्यकारी निर्देशकहरू, निर्देशकहरू, कर्मचारी युनियनका पदाधिकारीहरू तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर पौडेलले डेपुटी गभर्नरद्वयले नेपाल राष्ट्र बैंकमा कार्यरत रहँदा नेपालको बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व, सुदृढीकरण र विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै बैंकिङ क्षेत्रको नियमन, सुपरिवेक्षण तथा संस्थागत सुदृढीकरणका विविध क्षेत्रमा उहाँहरूको नेतृत्वदायी भूमिका रहेको बताउनुभयो। गभर्नर पौडेलले बैंकबाट अवकाशपछि पनि उहाँहरूको अनुभव, ज्ञान र दक्षतालाई मुलुकको आर्थिक तथा वित्तीय क्षेत्रको विकासमा उपयोग गरी समग्र अर्थतन्त्रलाई सुदृढ बनाउन योगदान पुग्ने विश्वास व्यक्त गर्दै उहाँहरूको आगामी जीवन सुखमय, स्वस्थ र सफल रहोस् भनी शुभकामना व्यक्त गर्नुभयो।

यसैगरी, सञ्चालक समितिको तर्फबाट सञ्चालक चिन्तामणि सिवाकोटीले डेपुटी गभर्नरद्वयको कार्यकालमा बैंकले वित्तीय प्रणालीलाई सुदृढ र विश्वसनीय बनाउन महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो। उहाँले डेपुटी गभर्नरद्वयको नेतृत्व, अनुभव र समर्पणले संस्थालाई थप उचाइमा पुऱ्याउन मद्दत गरेको धारणा व्यक्त गर्नुभयो।

यसैगरी, कार्यक्रममा बैंकका कर्मचारीहरूको तर्फबाट मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेलले मन्तव्य राख्दै डेपुटी गभर्नरद्वयले संस्थामा पुऱ्याउनुभएको योगदानको उच्च प्रशंसा गर्नुभयो। उहाँले नेपाल राष्ट्र बैंकको संस्थागत विकास, कर्मचारी व्यवस्थापन तथा नीतिगत सुधारका क्षेत्रमा डेपुटी गभर्नरद्वयको सक्रिय सहभागिता कर्मचारीहरूका लागि प्रेरणादायी र मार्गदर्शन हुने बताउनुभयो।

कार्यक्रममा निवर्तमान डेपुटी गभर्नरद्वयले आफ्नो कार्यकालमा साथ, सहयोग तथा समन्वयका लागि गभर्नर, सञ्चालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीप्रति आभार व्यक्त गर्नुभयो। उहाँहरूले नेपाल राष्ट्र बैंकमा कार्य गर्ने अवसरलाई आफ्नो पेशागत जीवनको महत्वपूर्ण र गर्विलो अनुभवका रूपमा स्मरण गर्दै आगामी दिनमा पनि देशको आर्थिक तथा वित्तीय क्षेत्रको विकासमा सक्रिय रहने धारणा राख्नुभयो।

उक्त कार्यक्रममा निवर्तमान डेपुटी गभर्नरद्वयलाई बैंकको तर्फबाट मायाको चिनो तथा सम्मानपत्र प्रदान गरिएको थियो। कार्यक्रमको सञ्चालन गभर्नर कार्यालयका निर्देशक तथा सञ्चालक समितिका सचिव शरण कुमार अधिकारीले गर्नुभएको थियो। ■

# वीरगञ्ज कार्यालयद्वारा चितवनको भरतपुरमा सचेतनामूलक कार्यक्रम सम्पन्न

'शिक्षित बनौं, सुरक्षित रहौं' भन्ने मूल नाराका साथ नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले जाली नोट पहिचान तथा वित्तीय सचेतना अभिवृद्धि गर्ने उद्देश्यले फागुन १३ गते चितवनको भरतपुरमा एक सचेतनामूलक कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरन्जीवी सुवेदी र जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी निरिक्षक खगेन्द्र अधिकारीको उपस्थिति रहेको थियो। कार्यक्रममा नगदमा कारोबार गर्ने साना तथा मझौला व्यापारीहरू, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू, अर्किड स्कुलका विद्यार्थीहरू तथा स्थानीय सर्वसाधारणहरूको समेत सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर पौडेलले नेपाल राष्ट्र बैंकले




दीर्घकालीन रूपमा नगद प्रयोगलाई क्रमश: निरुत्साहित गर्दै डिजिटल भुक्तानी तथा डिजिटल कारोबारलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरेको उल्लेख गर्नुभयो। उहाँले नक्कली नोट भएको थाहा हुँदाहुँदै पनि त्यसको प्रयोग वा कारोबार गर्नु कानुनी रूपमा अपराध हुने भएकाले सबैलाई सचेत रहन आग्रह गर्नुभयो। साथै, चुनावजस्ता विशेष समयमा बजारमा नगदको प्रवाह बढ्ने भएकाले त्यसको दुरुपयोग हुनसक्ने सम्भावनालाई ध्यानमा राखी जाली नोटको कारोबार न्यूनीकरण गर्ने उद्देश्यले यस्ता सचेतनामूलक कार्यक्रमहरू आयोजना गरिएको जानकारी दिनुभयो।

कार्यक्रमको अध्यक्षता गर्दै वीरगञ्ज कार्यालयका निर्देशक सुशील पौडेलले सक्कली र नक्कली नोट छुट्याउन नोटलाई हेरेर, छोएर र ढल्काएर जाँच गर्ने विधिबारे विस्तृत जानकारी दिनुभयो। उहाँले नोटमा रहेका विभिन्न सुरक्षा विशेषताहरूको पहिचान गरी जाली नोटबाट जोगिन सकिने उल्लेख गर्नुभयो।

कार्यक्रममा सहभागी सर्वसाधारण तथा विद्यार्थीहरूलाई सक्कली र नक्कली नोटको पहिचानसम्बन्धी श्रव्य-दृश्य सामग्री प्रस्तुत गरिएको थियो। उक्त कार्यक्रममा नोटमा रहेका सुरक्षा चिह्नहरू, पानीछाप, सुरक्षा धागो लगायतका विशेषताबारे जानकारी गराइएको थियो।

कार्यक्रममा वीरगञ्ज कार्यालयका उपनिर्देशक अभियान उपाध्यायले स्वागत मन्तव्य राख्नुभएको थियो भने सोही कार्यालयका सहायक निर्देशक सन्देश कुमार ठाकुरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# जनकपुर कार्यालयद्वारा सिरहा र महोत्तरीमा जाली नोट पहिचानसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न




जनकपुर कार्यालयले जाली नोटको कारोबार न्यूनीकरण तथा सर्वसाधारणमा सचेतना अभिवृद्धि गर्न फागुन १३ गते सिरहाको सिरहा बजारमा तथा फागुन १४ गते महोत्तरीको जलेश्वरमा जाली नोट पहिचानसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू आयोजना गर्‍यो।

कार्यालयका निर्देशक डिलाराम सुवेदीको प्रमुख आतिथ्यतामा आयोजना गरिएका कार्यक्रमहरूमा जिल्लाका सिमावर्ती क्षेत्रका साना तथा मझौला व्यवसायी, पत्रकार, जनप्रतिनिधि, नेपाल प्रहरी, सशस्त्र प्रहरी, भन्सार कार्यालयका प्रतिनिधि तथा विद्यार्थीहरूको सहभागिता

रहेको थियो । कार्यक्रम जाली नोटको जोखिमबारे जानकारी प्रदान गरी सुरक्षित नगद कारोबार प्रवर्द्धन गर्ने उद्देश्य राखिएको थियो ।

सिरहामा आयोजित कार्यक्रममा सहायक निर्देशक सुरेन्द्र कुमार साहले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने महोत्तरीको जलेश्वरमा आयोजित कार्यक्रममा सहायक निर्देशक गंगेश कुमार झाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । दुवै कार्यक्रममा उपनिर्देशक अमिष ढुंगेलले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको औचित्य तथा जाली नोट पहिचानसम्बन्धी सचेतनाको महत्वबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमहरूमा सक्कली नेपाली नोटमा रहेका विभिन्न सुरक्षा विशेषताहरू, जाली नोट पहिचान गर्ने तरिका तथा नोटको सुरक्षासम्बन्धी सामग्रीबारे विस्तृत जानकारी प्रदान गरिएको थियो । साथै, कार्यक्रममा सक्कली र जाली नोट छुट्याउने तरिकाबारे प्रयोगात्मक प्रस्तुति समेत गरिएको थियो ।



जलेश्वर

सिरहामा आयोजित कार्यक्रमको सञ्चालन कार्यालयका सहायक धिरेन्द्र शर्माले गर्नुभएको थियो भने जलेश्वरमा सम्पन्न कार्यक्रमको सञ्चालन सहायक सन्देश गिरीले गर्नुभएको थियो ।

# जाली नोट पहिचानसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न

धनगढी कार्यालयले मिति २०८२ फागुन ११ गते कैलाली जिल्लाको धनगढीमा र फागुन १४ गते कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा जाली नोटको कारोबार न्यूनीकरण तथा सर्वसाधारणमा सचेतना अभिवृद्धिसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू आयोजना गऱ्यो ।

विभिन्न बैंक तथा वित्तिय संस्थाका प्रतिनिधिहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी, उद्योगी, व्यापारी, विद्यार्थी र सर्वसाधारण लगायतको सहभागीतामा आयोजित उक्त कार्यक्रमहरूमा कार्यालयका सहायक निर्देशक श्री हरिलाल भट्टले वार्ता प्रस्तुत गर्नुभएको थियो । उहाँले नेपाली नोटमा रहेका सुरक्षण विशेषताहरू, जाली नोट पहिचान गर्ने तरिका, जाली नोट सम्बन्धी विद्यमान कानुनी व्यवस्थाहरूको बारेमा जानकारी दिनुभयो ।

कैलाली जिल्लामा सञ्चालित कार्यक्रममा कार्यालयका का.मु.निर्देशक श्री रविन्द्र भट्टराईले समापन मन्तव्य राख्दै जाली नोटले अर्थतन्त्रमा पार्ने प्रभाव र सहभागीहरूबाट उठेका प्रश्न तथा जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो भने कञ्चनपुर जिल्लामा सञ्चालित कार्यक्रममा कार्यालयका उप-निर्देशक श्री झकेन्द्र बहादुर शाहीले समापन मन्तव्य राख्दै सहभागीहरूबाट उठेका प्रश्न तथा जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो ।

उक्त कार्यक्रमहरूको सञ्चालन धनगढी कार्यालयका प्रधान सहायक श्री राघवेन्द्र कुमार मण्डलले गर्नुभएको थियो ।



धनगढी



महेन्द्रनगर

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



"Macroeconomic Management in Nepal"

बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ माघ महिनामा विभिन्न तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यसै क्रममा केन्द्रले फागुन १० देखि १२ गतेसम्म पोखरामा 'Planning, Budgeting and Risk Management' विषयक तालिम सञ्चालन गऱ्यो। ६ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत अधिकृतस्तरका ३१ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई वार्षिक कार्ययोजना, बजेट तर्जुमा तथा कार्यान्वयन, रणनीतिक योजना, नेपाल राष्ट्र बैंकमा जोखिम व्यवस्थापन प्रक्रिया र जोखिममा आधारित आन्तरिक लेखापरिक्षण लगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसैगरी, केन्द्रले फागुन १० देखि १३ गतेसम्म थापाथलीमा 'Macroeconomic Management in Nepal' विषयक तालिम सञ्चालन गऱ्यो। १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत अधिकृतस्तरका ३२ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा समष्टिगत आर्थिक व्यवस्थापन, सूचकहरू र अन्तर-सम्बन्धहरू, मौद्रिक नीति कार्यान्वयन, आर्थिक वृद्धि र व्यावसायिक चक्र, मुद्राको माग र आपूर्ति, मुद्रास्फीति, वित्तीय स्थायित्व र नियमन, वित्तीय सम्पत्ति बजार, विनिमय दर नीति, पुँजी प्रवाह, र समष्टिगत आर्थिक नीति बीचको अन्तरक्रियालगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसैगरी, केन्द्रले फागुन २५ देखि २८ गतेसम्म थापाथलीमा 'Risk Based Supervision' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा जोखिममा आधारित सुपरिवेक्षण, बासेल संरचना, कर्जा जोखिम व्यवस्थापन, कर्जा जोखिम मूल्याङ्कन, सञ्चालन जोखिम, तरलता र बजार जोखिम व्यवस्थापन, गैर स्थलगत सुपरिवेक्षण, स्थलगत सुपरिवेक्षणलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। सो अवसरमा विभिन्न विभाग/कार्यालयका ३२ जना कर्मचारीको सहभागिता थियो। ■

# 'एकिकृत निर्देशन २०८२'मा संशोधन

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूका लागि २०८२/११/२८ गतेको परिपत्रमार्फत एकीकृत निर्देशन, २०८२ मा संशोधन तथा परिमार्जन गरेको छ।

नयाँ व्यवस्थाअनुसार महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण प्रभावित उद्योग-व्यवसायहरूको हकमा कर्जाको पुनरतालिकीकरण तथा पुनरसरचना गर्न सकिने व्यवस्था गरिएको छ। यसका लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले कर्जाग्राहीको नगद प्रवाह तथा आम्दानीको विश्लेषण गरी आवश्यकताको आधारमा निर्णय गर्नुपर्नेछ।

त्यस्तै, पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा कर्जाको वर्गीकरण तथा जोखिम व्यवस्थापनलाई न्यूनतम सोही वर्गमा कायम राख्नुपर्ने र आवश्यक नोक्सानी व्यवस्था (Loan Loss Provision) पनि यथावत राख्नुपर्ने प्रावधान समावेश गरिएको छ। ■

नेपाल राष्ट्र बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको

**एकीकृत निर्देशन, २०८२**

(एकीकृत निर्देशन, २०८१ र सोपश्चात् २०८२ माघ २ सम्म जारी भएका परिपत्र/निर्देशन समेतलाई समावेश गरी परिमार्जन गरिएको)

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
२०८२ माघ

## Major Financial Indicators

as on Magh End, 2082 (Mid-Feb, 2026)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 114.01 | 10.28 | 2.25 | 126.54 |
| 2 | Total Credit/GDP | 84.45 | 8.78 | 1.71 | 94.94 |
| 3 | Total Credit/ Total Deposit** | 74.07 | 85.40 | 76.21 | 75.03 |
| 4 | CD Ratio* | 73.34 | 84.96 | 76.25 | 74.32 |
| 5 | Fixed Deposit/Total Deposit | 41.37 | 37.61 | 60.67 | 41.41 |
| 6 | Saving Deposit/Total Deposit | 42.19 | 50.97 | 27.88 | 42.65 |
| 7 | Current Deposit/Total Deposit | 7.07 | 2.45 | 1.13 | 6.59 |
| 8 | Call Deposit/Total Deposit | 8.63 | 8.81 | 10.27 | 8.67 |
| 9 | NPL/ Total Loan^ | 5.26 | 5.75 | 11.86 | 5.42 |
| 10 | Total LLP /Total Loan | 5.74 | 5.70 | 11.10 | 5.83 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.20 | 6.06 | 5.94 | 5.29 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.41 | 6.17 | 6.54 | 7.30 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 15.62 | 13.75 | 11.59 | 15.40 |
| 3 | Total Liquid Assets/Total Deposit | 23.81 | 21.05 | 22.71 | 23.57 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.51 | 10.52 | 10.38 | 9.60 |
| 2 | Total Capital/RWA | 12.54 | 13.43 | 12.61 | 12.61 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,085 | 1,126 | 291 | 6,502 |
| 3 | No. of Deposit Accounts | 53,039,590 | 7,735,050 | 1,076,590 | 61,851,230 |
| 4 | No.of Loan Accounts | 1,690,751 | 267,753 | 76,442 | 2,034,946 |
| 5 | No. of Branchless Banking Centers | 773 | 4 | - | 777 |
| 6 | No. of Branchless Banking Customers | 273,601 | 547 | - | 274,148 |
| 7 | No. of Mobile Banking Customers | 25,079,263 | 3,871,162 | 323,561 | 29,273,986 |
| 8 | No. of Internet Banking Customers | 1,715,922 | 606,920 | 19,971 | 2,342,813 |
| 9 | No. of ATMs | 4,895 | 339 | 39 | 5,273 |
| 10 | No. of Debit Cards | 12,735,074 | 1,327,245 | 84,026 | 14,146,345 |
| 11 | No. of Credit Cards | 325,818 | 3,794 | 414 | 330,026 |
| 12 | No. of Prepaid Cards | 272,207 | 4,559 | - | 276,766 |

| **E. Interest Rate(%)** | | |
|---|---|---|
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **3.51** |
| | (a) Saving | 2.90 |
| | (b) Fixed | 5.18 |
| | (c) Call | 0.73 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **7.00** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million

(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Poush end of FY2082/83 (2025/26)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# मध्यपूर्वीय द्वन्द्व, रेमिट्यान्समा निर्भर नेपालको अर्थतन्त्र र वित्तीय स्थिरतामा नेपाल राष्ट्र बैंकको भूमिका



**डा. जुगल किशोर कुशवाहा**
उप-निर्देशक

## पृष्ठभूमि

विश्व राजनीतिक परिवेशमा मध्यपूर्व क्षेत्र लामो समयदेखि तनाव र द्वन्द्वको केन्द्र रहँदै आएको छ। विभिन्न देश बिच शक्ति संघर्ष, धार्मिक विभाजन, भू-राजनीतिक प्रतिस्पर्धा र ऊर्जा स्रोत नियन्त्रणका विषयले यस क्षेत्रलाई संवेदनशील बनाएको छ। यी द्वन्द्वहरूले केवल सम्बन्धित देशहरूमा मात्र होइन विश्व अर्थतन्त्रमा पनि व्यापक असर पार्ने गर्दछ। विशेष गरी नेपालको अर्थतन्त्र रेमिट्यान्समा निर्भर भएकाले मध्यपूर्वीय अस्थिरताले नेपाली जनजीवन र राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्छ। हजारौं नेपाली श्रमिकहरू कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स आदि देशहरूमा कार्यरत छन्, जसले पठाउने रेमिट्यान्स नै नेपालको विदेशी मुद्रा आर्जनको मुख्य स्रोत हो। यदि मध्यपूर्वीय द्वन्द्व बढ्यो भने रोजगारी, आम्दानी र रेमिट्यान्स आप्रवाहमा गिरावट आउन सक्छ, जसले आर्थिक वृद्धि, विदेशी मुद्रा सञ्चिति र वित्तीय प्रणालीमा असन्तुलन ल्याउन सक्छ। यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकको भूमिका महत्वपूर्ण हुन्छ।

## मध्यपूर्वीय द्वन्द्व कारण, अवस्था र नेपालमा प्रभाव

मध्यपूर्व क्षेत्र विश्वकै संवेदनशील क्षेत्र हो। यहाँको राजनीतिक अस्थिरता, शक्ति संघर्ष, धार्मिक विभाजन, र प्राकृतिक स्रोतमा नियन्त्रणको प्रतिस्पर्धाले निरन्तर तनाव सिर्जना गरेको छ। प्रमुख कारणहरूमा भू-राजनीतिक प्रतिस्पर्धा, ऊर्जा स्रोत नियन्त्रण, धार्मिक तथा जातीय विभाजन र बाह्य शक्तिको हस्तक्षेप रहेका छन्। नेपाल भौगोलिक रुपमा टाढा भए पनि यहाँको अर्थतन्त्र मध्यपूर्वीय अर्थतन्त्रसँग घनिष्ट रहेको छ। खाडी देशमा कार्यरत नेपाली श्रमिकहरूको अवस्था रेमिट्यान्स आप्रवाहसँग प्रत्यक्ष सम्बन्धित छ। द्वन्द्वले रोजगार घटाउने, तलब कटौती हुने, कामको घण्टा कम हुने, बोनस बन्द हुने, वा तलब अनियमित आउने जस्ता असर ल्याउँछ। बैंकिङ्ग प्रणालीको अवरोधले पैसा पठाउन कठिन बनाउँछ। गम्भीर अवस्थामा असुरक्षाको कारणले श्रमिकहरू स्वदेश फर्किन बाध्य हुन्छन्। जसले देशभित्र बेरोजगारी बढाउँछ र रेमिट्यान्स आप्रवाह घटाउँछ। द्वन्द्वको अप्रत्यक्ष प्रभावमा तेलको मूल्य वृद्धि, महँगी, आयात खर्च बढ्ने, विदेशी मुद्रा सञ्चिति घट्ने र विनिमयदर अस्थिर हुनु समावेश छन्। यसले समग्र आर्थिक वृद्धि सुस्त बनाउँछ, वित्तीय प्रणालीमा असन्तुलन ल्याउँछ र जनजिवन प्रभावित गर्छ। तर, यसले डिजिटल रेमिट्यान्स प्रणाली विकास, बैंकिङ्ग सुधार, र वैकल्पिक ऊर्जा स्रोत विकास गर्ने अवसर पनि प्रदान गर्दछ।

## खाडी देशहरूमा नेपाली श्रमिकहरूको अवस्था

खाडी देशहरूमा नेपाली श्रमिकहरूको ठूलो हिस्सा काम गर्छन्, विशेष गरी कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स र

> **विगत दशकहरूमा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दै आएको छ, जसले देशको आर्थिक संरचनामा ठूलो प्रभाव पारेको छ। हाल नेपालको कुल गार्हस्थ उत्पादन (GDP) मा रेमिट्यान्सको योगदान करिब २६-२७ प्रतिशत छ। आर्थिक वर्ष २०८०/८१ मा मात्र रू.१,७२३ अर्ब रेमिट्यान्स प्राप्त भएको थियो।**

कुवेतमा यी श्रमिकहरू निर्माण, सेवा, सुरक्षा, घरेलु कामदार र श्रम प्रधान क्षेत्रमा कार्यरत छन्। आर्थिक वर्ष २०८०/८१ (२०२४/२५) मा करिब ५ लाखले पहिलोपटक र ३.३ लाखले पुन: वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए। रेमिट्यान्समार्फत उनीहरूको योगदान स्पष्ट देखिन्छ सो वर्ष नेपालले करिब रू.१,७२३ अर्ब प्राप्त गऱ्यो, जुन GDP को करिब २६-२७ प्रतिशत हो।

> **रेमिट्यान्सले केवल व्यक्तिगत जीवनस्तर सुधार्दैन, समग्र राष्ट्रिय अर्थतन्त्रलाई पनि स्थायित्व प्रदान गर्छ। यसले आयात धान्न सहयोग पुऱ्याँउछ र बैंकिङ् प्रणालीमा तरलता बढाउँछ। अधिकांश रकम औपचारिक बैंकिङ् च्यानलमार्फत भित्रिने भएकाले ऋण प्रवाह बढ्छ र आर्थिक गतिविधि विस्तारमा योगदान गर्छ। तर, रेमिट्यान्समा अत्यधिक निर्भरता दीर्घकालीन आर्थिक स्थायित्वका लागि जोखिमपूर्ण हुन सक्छ।**

यद्यपि कम तलब, कठिन श्रम, सीमित श्रम अधिकार, कमजोर बीमा र सुरक्षा, तथा राजनीतिक अस्थिरताले श्रमीकहरूलाई जोखिममा राख्दछ। द्वन्द्व वा अस्थिरतामा रोजगारी गुम्ने, तलब रोक्का हुने र स्वदेश फर्किन बाध्य हुने सम्भावना हुन्छ। यद्यपि वैकल्पिक रोजगार गन्तव्य खोज्नु र क्षमता विकासले दीर्घकालीन सुरक्षा सुनिश्चित गर्न सक्छ। यसरी, खाडी देशका नेपाली श्रमिकहरू केवल व्यक्तिगत आम्दानीको स्रोत नभई नेपालको आर्थिक आधारका महत्वपूर्ण स्तम्भ हुन्, तर उनीहरूको अवस्था बाह्य परिस्थितिमा अत्यन्त निर्भर र अस्थिर छ।

## नेपालमा रेमिट्यान्सको भूमिका

नेपालको अर्थतन्त्रमा रेमिट्यान्स अत्यन्त महत्वपूर्ण छ। विगत दशकहरूमा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दै आएको छ, जसले देशको आर्थिक संरचनामा ठूलो प्रभाव पारेको छ। हाल नेपालको कुल गार्हस्थ उत्पादन (GDP) मा रेमिट्यान्सको योगदान करिब २६-२७ प्रतिशत छ। आर्थिक वर्ष २०८०/८१ मा मात्र रू.१,७२३ अर्ब रेमिट्यान्स प्राप्त भएको थियो। विशेष गरी ग्रामीण परिवारहरूको जीवनयापन रेमिट्यान्समा निर्भर छ,

र यसले शिक्षा, स्वास्थ्य, आवास तथा दैनिक खर्च धान्न मद्दत पुऱ्याँउछ। रेमिट्यान्सले केवल व्यक्तिगत जीवनस्तर सुधार्दैन, समग्र राष्ट्रिय अर्थतन्त्रलाई पनि स्थायित्व प्रदान गर्छ। यसले आयात धान्न सहयोग पुऱ्याँउछ र बैंकिङ्ग प्रणालीमा तरलता बढाउँछ। अधिकांश रकम औपचारिक बैंकिङ्ग च्यानलमार्फत भित्रिने भएकाले ऋण प्रवाह बढ्छ र आर्थिक गतिविधि विस्तारमा योगदान गर्छ। तर, रेमिट्यान्समा अत्यधिक निर्भरता दीर्घकालीन आर्थिक स्थायित्वका लागि जोखिमपूर्ण हुन सक्छ। यसले उत्पादनशील क्षेत्र जस्तै कृषि, उद्योग, तथा आन्तरिक रोजगारी सिर्जनामा अपेक्षित योगदान पुऱ्याएको छैन। रेमिट्यान्सलाई केवल उपभोगमा प्रयोग नगरी उत्पादनमुखी क्षेत्रमा लगानी गर्न सकिन्छ, जसले दीर्घकालीन आर्थिक स्थिरता र रोजगारी सिर्जना गर्न मद्दत गर्छ।

## संकट व्यवस्थापन र दीर्घकालीन समाधान

अत्यावश्यक अवस्थामा नेपाल राष्ट्र बैंक र सरकारले तरलता सुविधा, ऋण प्रवाह निरन्तरता, र विदेशी मुद्रा व्यवस्थापन सुनिश्चित गर्नसक्ने उपायहरू अपनाउनुपर्छ। वैदेशिक रोजगारीमा निर्भरता कम गर्न नयाँ श्रम गन्तव्यहरू (जापान, कोरिया, युरोप) खोज्नुपर्छ। दीर्घकालीन रूपमा उत्पादनमुखी क्षेत्र, कृषि उत्पादन र प्रशोधन, साना तथा मध्यम उद्यम (SME) प्रवर्द्धन, र रोजगारी सिर्जना गर्ने उद्योगमा लगानी गर्नुपर्दछ। श्रमिकहरूको सुरक्षा, बीमा, तथा आपतकालीन फिर्ता योजना तयार गर्नु आवश्यक छ। प्राप्त रेमिट्यान्सलाई उपभोगमा सीमित नराखी उत्पादन, कृषि, तथा सेवा क्षेत्रमा लगानी गर्न सकिन्छ। सरकार, नेपाल राष्ट्र बैंक र वैदेशिक रोजगार निकायबीच समन्वय आवश्यक छ। यसरी दीर्घकालीन रणनीति अपनाउँदा अर्थतन्त्रलाई बाह्य झट्काबाट बचाउन सकिन्छ।

**दीर्घकालीन रूपमा उत्पादनमुखी क्षेत्र, कृषि उत्पादन र प्रशोधन, साना तथा मध्यम उद्यम (SME) प्रवर्द्धन, र रोजगारी सिर्जना गर्ने उद्योगमा लगानी गर्नुपर्दछ। श्रमिकहरूको सुरक्षा, बीमा, तथा आपतकालीन फिर्ता योजना तयार गर्नु आवश्यक छ। प्राप्त रेमिट्यान्सलाई उपभोगमा सीमित नराखी उत्पादन, कृषि, तथा सेवा क्षेत्रमा लगानी गर्न सकिन्छ।**

**मध्यपूर्वीय द्वन्द्वले रेमिट्यान्स घटाउने, महँगी र आर्थिक अस्थिरता बढाउने सम्भावना भए पनि प्रभावकारी नीति, उत्पादन वृद्धि र वैकल्पिक रोजगारमार्फत यसलाई दीर्घकालीन आर्थिक अवसरमा रूपान्तरण गर्न सकिन्छ।**

## वित्तीय स्थिरतामा चुनौती र नेपाल राष्ट्र बैंकको भूमिका

रेमिट्यान्स घट्दा र आयात महँगिँदा नेपालको बैंकिङ्ग प्रणालीमा तरलता अभाव, ऋण जोखिम, विनिमय दर अस्थिरता, चालु खाता घाटा, र वित्तीय विश्वासमा कमी जस्ता चुनौतीहरू देखा पर्न सक्छ। बैंकहरूको ऋण प्रवाह सुस्त हुने, निजी क्षेत्रको लगानी घट्ने, र खराब कर्जा बढ्ने सम्भावना हुन्छ। विदेशी मुद्रा अभावले नेपाली रुपैयाँ कमजोर पार्न सक्छ, जसले आयात महँगो बनाउँछ र वित्तीय प्रणालीलाई अस्थिर बनाउँछ। नेपाल राष्ट्र बैंकले वित्तीय स्थिरता कायम राख्न मौद्रिक नीति, विदेशी मुद्रा व्यवस्थापन, बैंकिङ्ग निगरानी, र रेमिट्यान्स प्रवाह व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्दछ। मौद्रिक नीतिमार्फत तरलता समायोजन, न्यूनतम नगद सञ्चयदर परिवर्तन तथा ऋण प्रवाह नियन्त्रण गर्न सक्छ। साथै, मौद्रिक नीतिले विदेशी मुद्रा सञ्चिति सुरक्षित राख्न, विनिमय दर स्थिर राख्न र आकस्मिक तरलता सुविधा उपलब्ध गराउन सहयोगी भूमिका खेल्दछ। यसले बाह्य झट्काबाट वित्तीय प्रणालीलाई जोगाउन मद्दत पुऱ्याँउछ।

## युद्धपश्चात सम्भावित अवसर

युद्ध समाप्त भएपछि मध्यपूर्वमा पुनर्निर्माण र विकासका कार्यहरू सुरु हुनेछन्। यसले निर्माण, पूर्वाधार, स्वास्थ्य सेवा, शिक्षा, आतिथ्य र सूचना प्रविधि क्षेत्रमा ठूलो श्रमिक माग सिर्जना गर्नेछ। नेपाली श्रमिकहरू पुन: उच्च मागमा पर्ने सम्भावना छ, जसले वैदेशिक रोजगारी विस्तार र आम्दानी स्तर वृद्धि गर्न सक्छ। पुन:निर्माणले नेपाललाई कूटनीतिक तथा आर्थिक सम्बन्ध विस्तार गर्ने अवसर पनि दिन्छ। निर्माण, सेवा र साना लगानी परियोजनामा सहभागी हुँदै दीर्घकालीन आर्थिक साझेदारी स्थापित गर्न सकिन्छ। यसले वैदेशिक लगानी आकर्षित गर्ने, व्यापार विस्तार गर्ने, र द्विपक्षीय सहकार्य मजबुत बनाउने सम्भावना बढाउँछ।

## निष्कर्ष

मध्यपूर्वीय द्वन्द्वको प्रभाव नेपाली अर्थतन्त्रमा प्रत्यक्ष र अप्रत्यक्ष देखिन्छ। रेमिट्यान्समा अत्यधिक निर्भरता, तेल मूल्य वृद्धि, महँगी, आयात खर्च बढ्नु, विदेशी मुद्रा सञ्चिति घट्नु र विनिमयदर अस्थिर हुनुले आर्थिक वृद्धि सुस्त बनाउँछ र वित्तीय प्रणाली अस्थिर पार्दछ। तर नेपाल राष्ट्र बैंकको प्रभावकारी नीतिगत कदमहरूले वित्तीय स्थिरता कायम राख्न मद्दत गर्दछ। उत्पादनमुखी क्षेत्र विकास, वैकल्पिक वैदेशिक रोजगार, श्रमिक सुरक्षा र सीप विकास र रेमिट्यान्सलाई दीर्घकालीन लगानीमा रूपान्तरण गर्दै दीर्घकालीन आर्थिक स्थायित्व सुनिश्चित गर्न सकिन्छ। मध्यपूर्वीय द्वन्द्वले सिर्जना गरेका चुनौतीहरूलाई सुधार, पुनर्संरचना र आर्थिक रूपान्तरणका अवसरमा बदल्न सकिन्छ। ■

| विवरण | तथ्यांक/डेटा | सम्भावित अवसर |
|---|---|---|
| GDP मा रेमिट्यान्स | २६-२७.५ | उत्पादनमुखी क्षेत्रमा लगानी |
| रेमिट्यान्स रकम (२०८१/८२) | रु १,७२३ अर्ब | बैंकिङ्ग सुधार, डिजिटल रेमिट्यान्स |
| वैदेशिक श्रमिक संख्या | ५ लाख नयाँ, ३.३ लाख पुन: | वैकल्पिक रोजगार, सीप विकास |
| युद्धपश्चात सम्भावना | मध्यपूर्व पुन: निर्माण | रोजगारी वृद्धि, दीर्घकालीन लगानी |
| रोजगार अवसर अनुमान (हजार) | युद्ध अघिको ८००, युद्धपछि १,५०० | रोजगार र रेमिट्यान्स प्रवाहमा सकारात्मक प्रभाव |

# डेपुटी गभर्नरद्वयको अवकाश



डा. नीलम ढुङ्गाना तिम्सिना



बमबहादुर मिश्र

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रले आफ्नो पाँच वर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गरी मिति २०८२ फागुन २४ गतेदेखि अवकाश हुनुभएको छ । उहाँहरू मिति २०७७ फागुन २५ गते नेपाल सरकारद्वारा डेपुटी गभर्नर पदमा नियुक्त हुनुभएको थियो ।

### डा. नीलम ढुङ्गाना तिम्सिना

डा. तिम्सिना २०५४ सालमा सहायक निर्देशक पदमा नेपाल राष्ट्र बैंकमा प्रवेश गर्नुभएको थियो । त्यसपछि उहाँले २०६१ सालमा उप-निर्देशक, २०६६ सालमा निर्देशक तथा २०७४ सालमा कार्यकारी निर्देशक पदमा बढुवा हुँदै विभिन्न विभागहरूमा कार्यसम्पादन गर्नुभएको थियो । आर्थिक अनुसन्धान विभाग, बैंक सुपरिवेक्षण विभाग, आन्तरिक लेखा परीक्षण विभाग तथा मौद्रिक व्यवस्थापन विभागमा उहाँले जिम्मेवारी सम्हाल्नुभएको थियो ।

### बमबहादुर मिश्र

मिश्र २०५८ सालमा सहायक निर्देशक पदबाट बैंक सेवामा प्रवेश गर्नुभएको थियो । उहाँ २०६५ सालमा उप-निर्देशक, २०७१ सालमा निर्देशक तथा २०७६ सालमा कार्यकारी निर्देशक पदमा बढुवा हुनुभएको थियो । बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंक सुपरिवेक्षण विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग तथा भुक्तानी प्रणाली विभाग लगायतका विभागहरूमा उहाँले जिम्मेवारी सम्हाल्नुभएको थियो ।

डेपुटी गभर्नरको रूपमा उहाँहरूले बैंकिङ तथा वित्तीय प्रणालीको स्थायित्व, नियामकीय क्षमता अभिवृद्धि, मौद्रिक नीति कार्यान्वयनलाई प्रभावकारी तथा वित्तीय क्षेत्रको आधुनिकीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएको छ ।

*नेपाल राष्ट्र बैंक समाचार* परिवार उहाँहरूको सुखमय तथा सफल जीवनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

# अवकाश

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका बरिष्ठ प्लम्बर रामकृष्ण खड्की र गभर्नर कार्यालयका कार्यालय सहयोगी प्रथम शान्ति नेपालले २०८२ फागुन ७ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ ।

उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको मानव संसाधन व्यवस्थापन विभागले जनाएको छ । *नेपाल राष्ट्र बैंक समाचार* परिवार उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

**प्रकाशक**
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

**सम्पादक**
डा. सञ्जयप्रसाद मिश्र

**सम्पादन सहयोगी**
रोशन सेढाई
महेश दत्त भट्ट
नविना ताम्राकार

**ले-आउट**
संजीव दाहाल